# बालमैत्री स्थानिय शासनका सूचकहरु :

| क्र. सं. | **सूचकहरु** |
|---|---|
| | **बाल बचाउ (१४)** |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसुती पूर्व ४ पटक र प्रसुती पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गरएका हुनेछन् । |
| २ | गर्भवती महिलाले टिटानसबिरुद्धको २ वटा खोप लगाएका हुनेछन् । |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । |
| ६ | ६ महिनादेखि ५ बर्षमुनिका सबै बालबालिकालाई बर्षको २ पटक भिटामिन ए क्याम्सुल खुवाइएको हुनेछ । |
| ७ | एक बर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्णखोप प्राप्त गरी पूर्णखोपयुक्त घोषणा भएको हुनेछ । |
| ८ | एच्आइभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले एआरभी प्रोफाइलेक्सिस पाएका हुनेछन् । |
| ९ | सबै घर परिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने ५ बर्षमुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ । |
| ११ | अती कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानी सुबिधा उपलब्ध भएको हुनेछ । |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिशा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुनपानीले हातधुने परिपाटीको विकास भएको हुनेछ । |

| | |
|---|---|
| १४ | प्रत्येक घर परिवारले शौचालयको प्रयोग तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । |
| | **बालसंरक्षण (१०)** |
| १५ | ५ बर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हुनेछ । |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । |
| १७ | स्थानीय तह बालविवाहमुक्त भएको हुनेछ । |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (बिद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिकाबिरुद्ध हुने हिंशा, बेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । |
| २१ | स्थानीय तह/समुदायले १४ बर्षमुनिका असहाय बालबालिका भएमा सो को संरक्षण गर्न बिशेष व्यवस्था गरेका हुनेछन् । |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ । (सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने) |
| २३ | स्थानीय तहमा रहेका बिद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । |
| २४ | कुलतमा लागेका बालबालिकाको लागि बालसुधार गृहमा राख्ने व्यवस्था मिलाइएको हुनेछ । |
| | **बालविकास (६)** |
| २५ | ३ देखि ४ बर्ष उमेर पुगेका सबै बालबालिकाका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउ दर शतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा बिशेष व्यवस्था गर्नुपर्ने) |
| २६ | ५ देखि १४ बर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरका हुनेछन् । |
| २७ | प्रत्येक बिद्यालायमा खानेपानीको सुबिधासहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । |
| २८ | सबै बिद्यालयहरुमा पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपांगमैत्री र सुरक्षित भएका हुनेछन् । |

| | |
|---|---|
| २९ | प्रत्येक बिद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएका हुनेछन् । |
| ३० | सबै बिद्यालयले कुहिने र नकुहिने फोहोर अलगअलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । |
| | **बाल सहभागिता (६)** |
| ३१ | स्थानीय तहमा समाबेशी आधारमा बालसंजाल गठन भई क्रियाशिल (न्यूनतम बार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । |
| ३२ | स्थानीय तहका बस्ती वा टोल र बिद्यालयहरुमा समाबेशी बालक्लव गठन भई क्रियाशिल (न्यूनतम बार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । |
| ३३ | ५ कक्षाभन्दा अध्ययन अध्यापन हुने बिद्यालयका व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व रहनेछ । |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव, संजालको प्रतिनिधित्व रहनेछ । |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ बर्ष उमेर समूहका बालबालिकाहरुको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । |
| | **संस्थागत विकास (१५)** |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बालउद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । |
| ४० | बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लगानी योजना तर्जुमा भई कार्यान्वनय भएको हुनेछ । |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व बार्षिकरुपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका बिषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । |

| | |
|---|---|
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् । |
| ४४ | बिद्यालयले कक्षा ६ देखि १० सम्मका बिद्यार्थीका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । |
| ४५ | आधारभूत शिक्षा पश्चात बिद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुले जीवनोपयोगी शिक्षा (व्यवसायीक तथा सिपमुलक तालिम) प्राप्त गरेका हुनेछन् । |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी कार्यालय, चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ । |
| ४७ | बिद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपांगमैत्री हुनेछन् । |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन भएको हुनेछ । |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्रभी शौचालय र खानेपानी धाराको व्यवस्था हुनेछ । |
| ५० | स्थानीय स्तरको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आबश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुने छ । |
| ५१ | विपद्को समयमा  बालबालिका तथा अपांगता भएका व्यक्तीहरुको बिशेष सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । |

**घोराहीउप महानगरपालिका**
**महिला बालबालिका तथा सामाजिक विकास शाखा**